# मिथिला नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६) धनुषा, चैत १४ गते, २०७९ साल (संख्याः३)

## भाग-१

**नेपालको संविधानको धारा २२१ ले दिएको व्यवस्थापकीय अधिकारको प्रयोग गरी मिथिला नगरपालिका, धनुषाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## सम्वत् २०७९ सालको ऐन नं. ०२

## मिथिला नगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता व्यवस्थापन गर्न बनेको कार्यविधि ऐन

**प्रस्तावनाः** मिथिला नगर क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, मिथिला नगरसभाले यो कार्यविधि ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** १) यस कार्यविधि ऐनको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९" रहेको छ ।

  २) यो ऐन मिथिला नगरपालिका भित्र लागू हुनेछ ।

  ३) यो ऐन तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि ऐनमाः

क) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ ।

ख) "तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम , निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिथिला नगरपालीकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

घ) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।

३. **उपभोक्ता समिति दर्ता गर्नु पर्नेः** स्थानीयस्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

४. **खानेपानीको मूल दर्ता गर्नुपर्नेः** नगरपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्यश्रोत मुहान (मुल) दर्ताको लागि नगरपालिका समक्ष माँग गर्नु पर्नेछ । माँग भएपछि निम्न अनुसारको ५ (पाँच) सदस्यीय समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमति दिन सक्नेछ ।

१) संयोजक - नगर प्रमुख

२) सदस्य - नगर उप-प्रमुख

३) सदस्य - सम्बधित वडाको अध्यक्ष

४) सदस्य - नगर प्रमुख ले तोकेको सम्बधित वडाको सदस्य (महिला)

५) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

५. **समिति दर्ताः** (१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धी देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित नगर प्रमुख समक्ष अनुसूची - १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) समितिको नाम,

ख) उद्धेश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपि

घ) कार्यालयको ठेगाना,

ङ) समिति संचालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णयानुसार प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्रांप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिको उजुरी प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण -पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नुपर्नेछ । दर्ता दस्तुर रु .१,०००।- (एक हजार), नविकरण दस्तुर वार्षिक रु . १,०००।- (एक हजार) तिर्नु पर्नेछ। समितिले समयमा नवि करण नगरेमा जरिवाना दस्तुर प्रति महिना १०% ले थप लाग्नेछ ।

६. **समिति संगठित मानिनेः** (१) यस कार्यविधि ऐन अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबैले कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

७. **संस्थाको सम्पत्तिः** (१) समितिको. सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दूरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने , कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धीत अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम नगरपालिकाले कारवाही चलाउन सक्नेछ ।

८. **यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नेः** (१) यो कार्यविधि ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भइरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिना भित्र यो कार्यविधि ऐन बमोजिम सुचिकृत गराउनु पर्नेछ । सूचीकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. **समितिको उद्देश्यहरुमा हेरफेरः** (१) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत्सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न नगरपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

१०. **समितिको वर्गीकरणः** दर्ता अनुमति प्राप्त गरी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)
२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)
३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

११. **तदर्थ समिति गठन गर्न सकिनेः** यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकीए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधी पूरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमीत गर्न नगरपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

१२. **संघ गठन गर्न सकिनेः** दर्ता स्वीकृती प्राप्त गरी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थीत रुपमा संचालन गरीनेछ ।

१३. **हिसाबको विवरण पठाउनु पर्नेः** उपभोक्ता समितिले आफ्नो समितिले हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

१४. **हिसाब जाँच गर्नेः** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफुले नियुक्ति गरेको कुनै अधिकृत द्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत नगरपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरणहरु तथा कागजातहरु वा सोधेको प्रश्नहरुको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी , सदस्य वा कर्मचारीले हिनामिना गरेको , नेक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगरपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

१५. **निर्देशन दिनेः** नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजायः** (१) दफा (४) बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुला ई नगरपालिकाले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (१३) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई नगरपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा (१३) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी , सदस्य वा कर्मचारीलाई नगरपालिकाले पाँच हजार रुपैया सम्म जनही जरिवाना गर्न सक्नेछ ।

(४) दफा (९) बमोजिम नगरपालिकाको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समिति सित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. पुनरावेदनः** दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१८. समितिको विघटन वा त्यस्को परिणामः** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ ।

(३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानून अनुरुप असुल उपर गरिनेछ ।

**१९. नियम बनाउने अधिकारः** यस कार्यविधिको उद्देश्य कार्यन्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

२०. **विघटन तथा संचालनः** समितिले आफ्नो विधान अनुसार तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म नगरपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ ।

२१. **खारेजी र बचाउः** खानेपानी उपभोक्ता समिति व्यवस्थापन ऐन लागु हुनु पूर्व जलश्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै ऐन बमोजिम दर्ता भए सरह मानिनेछ ।

मिथिला नगरपालिका

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्रीमान् नगर प्रमुख ज्यू,
मिथिला नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, ढल्केवर, धनुषा ।

महोदय,

हामीले ........................................ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७ ९ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक हजार रुपैया दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरुः

(क)

(ख)

(ग)

४. सदस्यहरुको नाम ठेगाना पेशा र ना.प्र .प. नं.

(क)

(ख)

(ग)

(घ)

५. उपयोग गरिने जलस्रोत विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्त संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धि विवरणः

(क) सेवाको किसिम

(ख) सेवा पुर्याउने क्षेत्र

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक श्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सहीः
नामः
पदः
ठेगानाः

मिथिला नगरपालिका

अनुसूची-२

(दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

# उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

दर्ता नम्बरः

मिथिला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

मधेश प्रदेश, नेपाल

मितिः

.........................................

श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम)

........................................

........................................

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि , २०७९ को दफा (५) को उपदफा (२) ब मोजिम ................ साल .................. महिना ................ गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण -पत्र प्रदान गरिएको छ , खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहीः

नाम, थरः

पदः

कार्यालयको छापः

मिथिला नगरपालिका

**आज्ञाले,**

रचिन्द्र डङ्गोल

प्रमुख प्रशासकीय अधिकृत

मिथिला नगरपालिका, ढल्केवर, धनुषामा मुद्रित । मूल्य रू१० ।-

मिथिला नगरपालिका